पनौती नगरपालिका
Panauti Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
पनौती
Panauti

काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश नेपाल ।
Bagamati Province, Nepal

प.सं.: २०७७।०७८
च.नं. : ९६

मिति : २०७७।०४।१२

सहकारी शाखा

## सहकारी संस्थाका लागि मार्गदर्शन एंव निर्देशनहरु

परिपत्रः०१/०७७-०७८/अनुगमन मार्गर्शन

श्री सवै सहकारी
पनौती नगरपालिका
पनौती काभ्रेपलाञ्चोक

कोभिड -१९ को महामारीबाट पर्ने प्रभावको सामना गर्न धेरै देशले विस्तारकारी मौद्रिक एंव वित्त नीति अवलम्बन गरेको अवस्थामा नेपालको मौद्रिक नीतिले समेत बैंक वित्तीय संस्था, विभिन्न पेशा, न्यवसायलाई सहुलियत, छुट र सुविधा प्रदान गर्दै नियमन गर्ने काम गरेको छ । कोभिड १९ र आर्थिक वर्ष २०७७/०७८ को मौद्रिक नीतिका सन्दर्भमा सहकारी क्षेत्रले गर्नुपर्ने तयारीका सम्बन्धमा मिति २०७७।०४।०६ गते सहकारी अभियानको सहभागीतामा सहकारी विभागमा भएको छलफल र प्राप्त सूझावसमेतलाई समेटी सहकारी विभागको मिति २०७७।०४।०९ को निर्णयानुसार जारि मार्गदर्शनलाई सदस्य तथा संस्थाको हित प्रवर्दनमा अधिकतम उपयोगी बनाउनका लागि अनुरोध छ ।

1. महामारीको समयमा संस्थामा जोखिम न्यवस्थापनलाई सुरक्षित र प्रभावकारी बनाउन सञ्चालक समितिका पदाधिकारी संयोजक र न्यवस्थापन प्रमुख (न्यवस्थापक) सदस्य रहने गरी कम्तीमा तीन जनाको जोखिम न्यवथापन कार्यदल गठन गर्ने ।
2. संस्थाहरुले नियामक निकायलाई प्रतिवेदन तथा पत्राचार गर्नुपर्दा विद्युतीय रुपमा प्रतिवेदन पेश तथा पत्राचार गर्ने ।
3. सहकारीहरुले संस्थागत रुपमा खर्चमा मितव्ययित अपनाउने र सो कार्य गर्न सदस्यलाई समेत अभिप्रेरित गर्ने र संस्थाले आन्तरिक सुशासन कायम गरी विभागबाट तथा यस नगरपालिकाबाट समय समयमा दिएको निर्देशन लगायतका परिपत्रको पालना गर्ने ।
4. कोभिड -१९ को महामारीबाट प्राभाावित आर्थिक क्षेत्रलाई पुर्नउत्थान गर्न उत्पादन अभिवृद्धि, रोजगारी सिर्जना र उद्यमशीलता विकासका क्षेत्रमा सदस्यहरुलाई सहुलियतपूर्ण कर्जा/पुनरकर्जा प्रवाहमा सहकारी संस्थाहरुले प्राथमिकता दिने ।
5. कृषि उत्पादन बढाउन र सुरक्षित उपभोगको लागि पारिवारिक खेती प्रर्वद्धन, करेसाबारी तथा कौशी खेतीमा जोड दिने, जमिन बाँझो नराख्ने तथा खाने बानीमा परिवर्तन गर्ने जस्ता कुराहरुमा सहकारीहरुले आफ्ना सदस्यहरु तथा समाजका अन्य जनसमुदायलाई सुसूचित र अभिप्ररित गर्ने ।
6. उत्पादित सामग्री स्थानिय स्तरमा वा नजिकको बजारमा बिक्रि वितरण गर्ने । कृषि उपजहरु खरिद र बिक्रि वितरणका लागि आवश्यकता अनुसार यस नगरपालिका, प्रदेश र जिल्ला प्रशासनसँग समन्वय गरी किसानको उत्पादन बिग्रन नदिन सजग रहने ।

Phone: 011-440138, 011-440136
Website: www.panautimun.gov.np
Fax No.: 011-440137
Email: info@panautimun.gov.np

# पनौती नगरपालिका
## Panauti Municipality
### नगर कार्यपालिकाको कार्यालय
### Office of the Municipal Executive
पनौती
Panauti

काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश नेपाल ।
Bagamati Province, Nepal


प.सं.: २०७७।०७८
च.नं. :

**सहकारी शाखा**

मिति : २०७७।०४।१२

7. आ.व.२०७६/०७७ को असुली हुन बाँकी ब्याज रकमलाई श्रावण महिनाभरी प्राप्त भएमा अघिल्लै आ.व.को आम्दानी मानी लेखाङ्कन गर्न चाहेमा एकपटकका लागि बाधा नपर्ने ।
8. कोभिड-१९ को कारणले तोकिएको समयभित्र ऋणको ब्याज र किस्ता भुक्तान गर्न नसकेका ऋणीहरुको हकमा २०७६ पौष मसान्तमा PEARLS मूल्याङ्कन प्रणाली बमोजीम जे जति प्रतिशत कर्जा नौक्सानी कोष व्यवस्था गरीएको छ, त्यस्ता ऋणी सदस्यको हकमा २०७७ आषाढ मसान्तसम्मको लागि संस्थाले आन्तरिक नियन्त्रण प्रणलीको व्यवस्था मिलाई त्यति नै प्रतिशत कर्जा नोक्सानी कोषको व्यवस्था गर्न बाधा नपर्ने ।
9. २०७७ असार मसान्तसम्म असुल हुन नसकेको कर्जाको किस्ता ऋणी सदस्यको आवश्यकता र व्यवसाय सुचारु हुन लाग्ने समय र जोखिमको मूल्याङ्कन गरी संचालक समितिको निर्णयानुसार बढीमा ६ महिनासम्म भाखा सार्न सकिने तर कानुन बमोजिम तोकिएका नियामक निकायको पूर्व स्वीकृती लिएर भने १ वर्ष सम्म सार्न सकिनेमा सो प्रयोजनका लागि यस नगरपालिकाको क्षेत्राधिकार भित्र रहेका संस्थाले आवश्यक प्रकृया अघि बढाउने ।
10. कोभिड-१९ को महामारीले ऋणी सदस्यमा परेको प्रभावको कारण साँवा वा ब्याज भुक्तानी म्याद थप गरेबापत ऋणी सदस्यहरुबाट ब्याज, अतिरिक्त शुल्क तथा जरिवाना लिई रहनु नपर्ने ।

२०७७।०४।१२
इन्द्रप्रसाद अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत

बोधार्थ

श्री सहकारी विभाग, नयाँ बानेश्वर, काठामाडौं ।

श्री राष्ट्रिय सहकारी महासंघ लि., पुल्चोक ललितपुर ।

श्री जिल्ला सहकारी संघ लि., वनेपा काभ्रेपलाञ्चोक ।

श्री सुचना प्रविधि शाखा, पनौती नगरपालिका, पनौती काभ्रेपलाञ्चोक ( परिपत्र वेभसाइटमा अपलोड गरीदीनुहुन )


Phone: 011-440138, 011-440136
Fax No.: 011-440137
Website: www.panautimun.gov.np
Email: info@panautimun.gov.np